apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# अपन दैनिक

जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१

Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र



समाचार पृष्ठ २

● वर्ष: १२ ● अंक: २०५ ● पृष्ठ: ४ ● २६ साउन २०८३ मंगलबार (11 August 2026, Tuesday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्य: रु.५/

## आज सद्भाव र्‍यालीपछि गोलबजारमा पसल खुल्ने

### करिब एक सातादेखि बन्द बजार आज बिहान ८ बजे सद्भाव र्‍याली, १० बजेदेखि पसल सञ्चालन गर्ने सहमति

**अपन दैनिक संवाददाता**

**सिरहा ।** आन्दोलनका कारण करिब एक सातादेखि बन्द रहेका सिरहाको गोलबजारका पसलहरू आजदेखि सञ्चालनमा आउने भएका छन् । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद पुरुषोत्तम यादवको पहलमा सोमबार व्यवसायी, स्थानीय तथा मुस्लिम समुदायका प्रतिनिधिबीच भएको छलफलपछि आज (मंगलबार) बिहान ८ बजे सद्भाव र्‍याली निकाल्ने र त्यसपछि बिहान १० बजेदेखि बजार तथा पसल सञ्चालन गर्ने सहमति भएको हो ।



सांसद यादवले सोमबार गोलबजार नगरपालिका-११ बल्कावा पुगेर मुस्लिम समुदायका व्यवसायीसँग छलफल गरेका थिए । उनले सामाजिक सद्भाव कायम गर्दै बजार तथा पसल सञ्चालनमा ल्याउन आग्रह गरेका थिए ।

छलफलका क्रममा सांसद यादवले आन्दोलनका क्रममा पसल, मल तथा व्यक्तिगत घरमा भएको क्षतिको विषयमा संसद् र सरकारसमक्ष आवाज उठाउने प्रतिबद्धता जनाए । क्षतिपूर्तिका लागि सरकारलाई गम्भीर बन्न आग्रह गर्ने पनि उनले बताए ।

लामो समयदेखि बजार तथा पसल बन्द हुँदा व्यवसायी मात्र नभई सर्वसाधारणको दैनिक जनजीवनसमेत प्रभावित हुँदै आएको थियो । सद्भाव र्‍यालीमार्फत सामाजिक एकता, आपसी विश्वास र सद्भाव कायम गर्दै गोलबजारको जनजीवनलाई सामान्य अवस्थामा फर्काउने प्रयास गरिएको बताइएको छ ।

गत साउन १४ गते आन्दोलनका क्रममा सुरक्षाकर्मीको गोली लागेर सिरहाको औरही गाउँपालिका-२ तुलसियाहीका १५ वर्षीय गणेश यादवको मृत्यु भएको थियो । सोही दिन आन्दोलनकारीले गोलबजार क्षेत्रमा रहेका पसल, मल तथा व्यक्तिगत घरमा तोडफोड र आगजनी गरेका थिए ।


उद्योग वाणिज्य संघ गोलबजारका अध्यक्ष विजय साहका अनुसार उक्त घटनामा गोलबजार क्षेत्रमा करिब ५० वटा पसल, मल तथा व्यक्तिगत घरमा तोडफोड र आगजनी भएको छ । घटनाबाट भएको क्षतिको विवरणसहितको मुचुल्का प्रहरीले उठाइसकेको उनले जानकारी दिए ।

यसैबीच, सांसद यादवले सोमबार मृतक गणेश यादवको १३औँ पुण्यतिथिमा श्रद्धाञ्जली व्यक्त गरेका छन् । उनले मृतक परिवारप्रति समवेदना व्यक्त गर्दै घटनाबाट प्रभावित परिवार तथा व्यवसायीहरूको समस्या समाधानका लागि आफूले पहल गर्ने बताए ।

करिब एक सातादेखि बजार

बाँकी पृष्ठ २ ▸▸

## मधेशमा तीन मन्त्रालय गाभिँदै, १२ मन्त्रालयबाट ९ मा झार्ने तयारी




**अपन दैनिक संवाददाता**
**सिरहा, साउन २५ गते**

मधेश प्रदेश सरकारले मन्त्रालयको संख्या घटाउने तयारीसँगै प्रदेश सरकार मातहतको समग्र प्रशासनिक संरचना पुनर्संरचना गर्ने प्रक्रिया अघि बढाएको छ । सरकारको प्राथमिकता मन्त्रालयको संख्या घटाएर राजनीतिक संरचना सानो बनाउने मात्र नभई प्रशासनिक खर्च नियन्त्रण, दरबन्दी व्यवस्थापन, सार्वजनिक निकायको दोहोरोपन हटाउने र सेवा प्रवाहलाई प्रभावकारी बनाउनेतर्फ केन्द्रित देखिएको छ ।

हाल मुख्यमन्त्रीसहित १२ मन्त्रालय रहेको मधेश प्रदेशमा अब मन्त्रालयको संख्या ९ मा सीमित गर्ने तयारी भइरहेको छ । सत्ता गठबन्धनमा रहेका नेपाली कांग्रेस, नेकपा एमाले र नेकपाबीच सरकार गठनकै क्रममा मन्त्रालयको संख्या घटाउने सहमति भएको थियो । त्यसैअनुसार मन्त्रालयको संख्या तथा कार्यविभाजन पुनरावलोकनसम्बन्धी उच्चस्तरीय अध्ययन तथा सिफारिस कार्यदलले असार १८ गते मुख्यमन्त्रीलाई ९ मन्त्रालय कायम गर्न सुझाव दिएको थियो ।

सरकारले उक्त सुझावलाई कार्यान्वयनको आधार बनाउँदै मन्त्रिपरिषद् पुनर्गठनको तयारी अघि बढाएको छ । स्रोतका अनुसार अब बन्ने संरचनामा खेलकुद तथा समाज कल्याण मन्त्रालयलाई शिक्षा तथा सांस्कृतिक मन्त्रालयमा गाभ्ने तयारी

बाँकी पृष्ठ ४ ▸▸

## प्रस्तावित ठाउँमै ट्रमा सेन्टर बन्नुपर्ने माग गर्दै ढल्केबरमा राजमार्ग अवरुद्ध

### मंगलबार एक घण्टा, बुधबार दुई घण्टा पूर्व-पश्चिम राजमार्ग अवरुद्ध गर्ने घोषणा



**अपन दैनिक संवाददाता**
**सिरहा, साउन २५ गते**

धनुषाको मिथिला नगरपालिका-७ ढल्केबरमा प्रस्तावित ट्रमा सेन्टर सोही स्थानमा निर्माण गर्नुपर्ने माग गर्दै स्थानीयवासीले सोमबार पूर्व-पश्चिम राजमार्ग अवरुद्ध गरेका छन् ।

ट्रमा सेन्टर संरक्षण संघर्ष समितिको आह्वानमा जारी आन्दोलनको पाँचौं दिन स्थानीयवासी, जनप्रतिनिधि तथा विभिन्न राजनीतिक दलका प्रतिनिधिको सहभागितामा आधा घण्टा राजमार्ग अवरुद्ध गरिएको हो ।

आन्दोलनकारीले बिहान ११ बजेदेखि ११:३० बजेसम्म राजमार्गमा चक्काजाम गर्दै सरकारविरुद्ध नाराबाजी गरेका थिए । प्रस्तावित स्थानबाट ट्रमा सेन्टर अन्यत्र सार्न खोजिएको भन्दै उनीहरूले निर्णय सच्याएर ढल्केबरमै निर्माण कार्य अघि बढाउन माग गरेका छन् ।

संघर्ष समितिले गत शुक्रबार प्रस्तावित स्थानमै ट्रमा सेन्टर निर्माण गर्नुपर्ने माग राख्दै चरणबद्ध आन्दोलन घोषणा गरेको थियो । समितिका अनुसार आन्दोलनअन्तर्गत राजमार्ग अवरुद्ध गर्ने, विरोध प्रदर्शन गर्नेलगायतका दबाबमूलक कार्यक्रम सञ्चालन भइरहेका छन् ।

बाँकी पृष्ठ ४ ▸▸

## हटाउनुपर्ने कालो चस्मा होइन, मनमा बसेको कालो सोच हो : सांसद यादव

**अपन दैनिक संवाददाता**
**सिरहा, साउन २५ गते**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसद शिवशंकर यादवले सदनमा आलोचना र बहस हुनुपर्ने विषय अन्यत्र भए पनि बहस 'कालो चस्मा'मा सीमित भएको बताएका छन् ।



सोमबार बसेको प्रतिनिधिसभा बैठकमा बोल्दै उनले दशकौँदेखि मधेशी समुदायलाई हेर्ने विभेदकारी दृष्टिकोण, कर्णाली र सुदूरपश्चिमप्रतिको उपेक्षा तथा दलित, आदिवासी जनजाति र सीमान्तकृत समुदायमाथि दोस्रो दर्जाका नागरिकसरह गरिने व्यवहारबारे बहस हुनुपर्ने बताए ।

'सदनमा आलोचना हुनुपर्ने विषय अर्कै थियो, तर बहस अर्कोतिर मोडिएको छ । दशकौँदेखि मधेशीलाई हेर्ने कालो नजर, कर्णाली र सुदूरपश्चिमलाई हेर्ने उपेक्षाको दृष्टिमाथि बहस हुनुपर्ने थियो,' उनले भने, 'तर आज संसद्मा बहस कालो चस्मामाथि सीमित भइरहेको छ ।'

उनले हटाउनुपर्ने 'कालो चस्मा' नभई मनमा बसेको विभेदकारी सोच भएको बताए । 'बिपी कोइराला पनि कालो चस्मा लगाउनु हुन्थियो तर उहाँको सोच कालो थिएन । दृष्टिकोण साँगुरो थिएन । हटाउनु पर्ने त्यो कालो चस्मा होइन । मनमा बसेको त्यो कालो सोच हो, उनले भने, 'मधेशीमाथि हेर्ने कालो सोच छ । दलितमाथि हेर्ने कालो सोच छ । त्यो हटायो भने मात्र हाम्रो देश समृद्धिको दिशा तिर अगाडी बढ्न सक्छ ।'

उनले मधेशी, दलितलगायत समुदायप्रति रहेको विभेदपूर्ण मानसिकता अन्त्य नगरेसम्म देश समृद्धिको दिशामा अघि बढ्न नसक्ने बताए ।

## लक्ष्यभन्दा तीन करोड बढी राजस्व असुली




**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, साउन २५ गते**

जनकपुरधाम उपमहानगरपालिकाले आर्थिक वर्षमा लक्ष्यभन्दा तीन करोड बढी राजस्व असुली गरेको छ ।

उपमहानगरपालिकाले बक्यौता असुलीमा कडाइ गरेपछि गत आर्थिक वर्षमा रु १७ करोड १५ लाख राजस्व सङ्कलन गर्ने लक्ष्य राखिएकामा २० करोड ३७ लाख एक हजार ५५९ राजस्व असुली गरेको हो ।

आव २०८१/८२ को तुलनामा रु

बाँकी पृष्ठ ३ ▸▸

## पीडितको गुनासो : दृष्टिबन्धक राखिएको बहुमूल्य जग्गा साहुले जानकारी नदिई बेचिदिए

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, साउन २५ गते**

ऋणका लागि साहुको नाममा दृष्टिबन्धक राखिएको बहुमूल्य जग्गा आफूहरूलाई जानकारी नै नदिई अर्कै व्यक्तिको नाममा बिक्री गरिएको भन्दै पीडितले आफूहरू ठगीमा परेको गुनासो गरेका छन् ।

पीडितहरूले जनकपुरधाममा पत्रकार सम्मेलन गरी घटनाबारे सार्वजनिक जानकारी दिँदै निष्पक्ष छानबिन तथा न्यायका लागि सम्बन्धित निकायसँग पहल गरिदिन आग्रह गरेका हुन् ।

धनुषाको विदेह नगरपालिका-९ इटहर्वा खरहानीका बहुरु राउत अमातले घरायसी समस्याका कारण २०७५ सालमा जनकपुरधाम उपमहानगरपालिका-१६ कपिलेश्वर निवासी ५३ वर्षीय गोपाल साहसँग ऋण लिएको बताए । उनका अनुसार रु एक लाख ऋणका लागि दुई पटकमा गरी विदेह नगरपालिकास्थित आफ्नो नामको ४६ कट्ठा छ धुर जग्गा

बाँकी पृष्ठ ३ ▸▸






प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला।

# सम्पादकीय...

## गोलबजारलाई लयमा फर्काउन सार्थक संवाद गर

सुनसरीको देवानगञ्जमा सुरु भएको विवादको असर सिरहाको गोलबजारसम्म आइपुग्नु सामान्य घटना होइन। एउटा ठाउँमा उत्पन्न विवाद कसरी अर्को ठाउँमा आक्रोश, असन्तोष र तनावको कारण बन्न सक्छ भन्ने पछिल्लो घटनाक्रमले देखाएको छ। त्यसमा गणेश यादवमाथि गोली प्रहार हुनु र उनको मृत्युले स्थिति थप संवेदनशील बनायो। आक्रोशित भीड, आन्दोलन, आगजनी र तोडफोडका घटनाले गोलबजारको सामाजिक तथा आर्थिक जीवनलाई नराम्ररी प्रभावित बनाएको छ। सपिङ मलदेखि विभिन्न पसलसम्म आगजनी हुनु भनेको भौतिक संरचनाको क्षति मात्र होइन, त्यसले वर्षौंको मेहनतबाट व्यवसाय निर्माण गरेका व्यापारीको मनोबलसमेत कमजोर बनाएको छ। व्यापारिक केन्द्रमा आगो लाग्दा जलेका सामानसँगै व्यवसायीको लगानी, भरोसा र भविष्यप्रतिको आशा पनि जलेको हुन्छ। त्यसैले अहिले गोलबजारमा देखिएको समस्या 'बजार बन्द' भएको विषयका रूपमा बुझिनु हुँदैन।

गणेश यादवको मृत्युको विषयमा सरकारका तर्फबाट मृतकको परिवारसँग लिखित सम्झौता हुनु र अन्त्येष्टि सम्पन्न हुनु सकारात्मक सुरुवात हो। तर एउटा परिवारसँगको सम्झौताले मात्र सडकमा देखिएको असन्तोष र बजारमा उत्पन्न असुरक्षाको भावना अन्त्य हुँदैन। गोलबजार अहिले पनि सामान्य अवस्थामा फर्किन नसक्नुले समस्या अझै बाँकी रहेको स्पष्ट गर्छ। विशेषगरी व्यवसायीले उठाएको सुरक्षा र क्षतिपूर्तिको प्रश्न गम्भीर छ। आन्दोलनका क्रममा भएको आगजनी र तोडफोडको जिम्मेवारी कसले लिने? निर्दोष व्यवसायीको सम्पत्ति नष्ट हुँदा त्यसको क्षतिपूर्ति कसरी र कसले दिने? यस्ता प्रश्नको स्पष्ट उत्तर नआएसम्म व्यवसायीले ढुक्क भएर आफ्नो व्यापार सञ्चालन गर्न सक्ने अवस्था बन्दैन। सुरक्षाको प्रत्याभूति नहुँदा पसल खोल्न लगाउनु मात्र समाधान होइन। अर्कोतर्फ, आन्दोलनका नाममा निजी तथा सार्वजनिक सम्पत्तिमाथि आगजनी र तोडफोड गर्ने प्रवृत्तिलाई कुनै पनि बहानामा वैधता दिन सकिँदैन। असन्तुष्टि व्यक्त गर्ने अधिकार लोकतन्त्रको आधार हो, तर अर्को नागरिकको सम्पत्ति जलाउने वा नष्ट गर्ने अधिकार कसैलाई हुँदैन। आन्दोलनको नाममा भएको क्षतिको छानबिन गरी दोषी पहिचान गर्ने र कानुनी दायरामा ल्याउने काम राज्यले निष्पक्ष ढंगले गर्नुपर्छ।

यहाँ सरकारको भूमिका सबैभन्दा महत्वपूर्ण हुन्छ। सरकारले सुरक्षा व्यवस्था सुदृढ गर्ने, क्षतिको यथार्थ मूल्यांकन गर्ने, पीडित व्यवसायीको माग सुन्ने र सम्भव भएसम्म राहत तथा क्षतिपूर्तिको स्पष्ट कार्यविधि सार्वजनिक गर्नुपर्छ। साथै, गोलीकाण्ड र त्यसपछिका घटनाको निष्पक्ष अनुसन्धान गरी सत्यतथ्य सार्वजनिक गर्नुपर्छ। न्यायमा ढिलाइ हुँदा असन्तोष झन् गहिरिँदै जान्छ। स्थानीय राजनीतिक दल र जनप्रतिनिधिको भूमिका पनि उत्तिकै महत्वपूर्ण छ। राजनीतिक स्वार्थका लागि तनावलाई लम्ब्याउने होइन, संवाद र सहमतिका माध्यमबाट समाधान खोज्ने समय हो यो। व्यवसायी, पीडित परिवार, स्थानीय प्रशासन, राजनीतिक दल र नागरिक समाजलाई एउटै ठाउँमा राखेर समस्या समाधानको पहल गर्न सकिन्छ। गोलबजारको शान्ति र आर्थिक गतिविधि कुनै एउटा समूहको मात्र सरोकार होइन। यो सम्पूर्ण स्थानीय समुदायको साझा हित हो। व्यवसायीले पनि आफ्नो जायज मागलाई व्यवस्थित र शान्तिपूर्ण ढंगले अघि बढाउँदै संवादको ढोका खुला राख्नुपर्छ। लामो समयसम्म बजार बन्द हुँदा क्षति व्यवसायीलाई मात्र हुँदैन, त्यसको असर मजदुर, उपभोक्ता, यातायात व्यवसायी, किसानदेखि स्थानीय अर्थतन्त्रसम्म पुग्छ। त्यसैले सुरक्षा र क्षतिपूर्तिको मागलाई सरकारले सम्बोधन गर्ने वातावरण बनाउँदै बजार क्रमशः सञ्चालनमा ल्याउने दिशामा सहमति आवश्यक छ।

गोलबजारलाई सामान्य अवस्थामा फर्काउनुको अर्थ पसलका सटर खोल्नु होइन। मानिसमा सुरक्षा र न्यायप्रतिको विश्वास पुनःस्थापित गर्नु हो। व्यवसायीले आफ्नो लगानी सुरक्षित छ भन्ने महसुस गर्नु, उपभोक्ताले निर्भय भएर बजार आउन सक्नु र स्थानीय समाजले फेरि आपसी विश्वासका साथ अघि बढ्न सक्नु नै वास्तविक सामान्य अवस्था हो। त्यसका लागि अब आरोप-प्रत्यारोपभन्दा समाधानको राजनीति आवश्यक छ। सरकार अग्रसर होस्, व्यवसायी संवादमा आउन् र स्थानीय राजनीतिक नेतृत्वले सहजीकरण गरोस्। गणेश यादवको मृत्युबाट उत्पन्न पीडालाई न्यायपूर्ण निष्कर्षमा पुर्‍याउँदै आगजनी र तोडफोडबाट पीडित व्यवसायीको क्षतिलाई सम्बोधन गर्न सकिए मात्र गोलबजारको घाउमा मल्हम लाग्न सक्छ। गोलबजारलाई अझै तनावको केन्द्र बनाइराख्ने कि संवाद, न्याय र सहकार्यबाट फेरि आर्थिक तथा सामाजिक लयमा फर्काउने भन्ने निर्णय गर्ने समय यही हो। राज्यले ढिला नगरी जिम्मेवारीपूर्वक कदम चाल्नुपर्छ। किनकि शान्त बजार नै समृद्ध स्थानीय समाजको पहिलो आधार हो।

# हिंसापछि झन् कठिन बन्छ महिलाको जीवन

## कानुनी न्याय पाए पनि सामाजिक स्वीकार्यता र पुनःस्थापना चुनौतीपूर्ण

**अपन दैनिक संवाददाता**
**सिरहा, साउन २५ गते**



महिला हिंसाको घटना घटेपछि कानुनी प्रक्रिया अघि बढे पनि पीडित महिलाको संघर्ष त्यहीं समाप्त हुँदैन। न्याय, सुरक्षा, आर्थिक आत्मनिर्भरता र सामाजिक पुनःस्थापनाका लागि उनीहरूले लामो समय संघर्ष गर्नुपर्ने अवस्था मधेश प्रदेशमा देखिएको छ।

अन्तरजातीय सम्बन्धका कारण सामाजिक बहिष्कारमा परेका महिला, बाल्यकालमै यौनशोषणमा परी किशोरावस्थामै आमा बनेका बालिका तथा हिंसापछि परिवार र समाजबाट अस्वीकार गरिएका पीडितका घटनाले मधेशमा महिला हिंसा व्यक्तिगत वा पारिवारिक समस्यामा मात्र सीमित नरहेको देखाउँछन्। जातीय विभेद, पितृसत्तात्मक सोच, दाइजो प्रथा, बालविवाह, आर्थिक निर्भरता र कमजोर पुनःस्थापना प्रणालीले हिंसाको समस्या थप जटिल बनाइरहेको छ।

धनुषाको एक गाउँपालिकामा बेवारिसे अवस्थामा फेला परेकी बालिकालाई मुसहर समुदायका एक दम्पतीले संरक्षणमा लिएर हुर्काएका थिए। तर, आठ वर्षको उमेरदेखि निरन्तर यौनशोषणमा परेकी ती बालिका १३ वर्षको उमेरमा गर्भवती भएपछि मात्र घटना सार्वजनिक भएको थियो।

घटना सार्वजनिक भएपछि वडा कार्यालयको पहलमा राष्ट्रिय मानवअधिकार आयोगलाई जानकारी गराइएको थियो। प्रहरीको समन्वयमा २०७७ माघ १७ गते बालिकालाई महिला पुनःस्थापना केन्द्र (ओरेक) को सुरक्षित आवासमा ल्याएर संरक्षण तथा आवश्यक सेवा प्रदान गरिएको थियो।

ओरेकको पहलमा प्रभावित बालिकाको जन्मदर्ता, नागरिकता लगायतका कानुनी अधिकारसमेत सुनिश्चित गरिएको छ। हाल उहाँकी छोरी काठमाडौंस्थित एक संस्थामा अध्ययनरत छिन् भने प्रभावित बालिका आत्मनिर्भर जीवनयापनका लागि सीपमूलक तालिम लिइरहनुभएको छ।

**प्रेम सम्बन्ध अस्वीकार हुँदा थपिएको पीडा**

धनुषाकी २० वर्षीया 'शान्ति' र २१ वर्षीय 'राम' (दुवै परिवर्तित नाम) बीचको प्रेम सम्बन्धलाई परिवारले अस्वीकार गरेपछि उनीहरू सामाजिक दबाबमा पटक-पटक घर छोड्न बाध्य भए। पछि राम सम्पर्कविहीन भई वैदेशिक रोजगारीमा गएको खुलेपछि गर्भवती अवस्थामा रहेकी शान्ति विभिन्न निकायको समन्वयमा ओरेकको सुरक्षित आवासमा पुग्नुभएको थियो।

सुरक्षित आवासमै उहाँले छोरीलाई जन्म दिनुभयो। अदालतबाट राम र शान्तिबीच नाता कायम भए पनि रामले अन्यत्र विवाह गरिसकेका कारण शान्तिको न्यायप्राप्तिको कानुनी प्रक्रिया अझै जारी रहेको छ।

महोत्तरीकी १९ वर्षीया 'रेश्मा' (परिवर्तित नाम) को अवस्था पनि यस्तै छ। अन्तरजातीय प्रेम सम्बन्धका कारण परिवार र प्रेमीबाट अस्वीकार हुनुभएकी रेश्मालाई गर्भवती अवस्थामा बजारस्थित होटलमा अलपत्र पारिएको थियो।

जिल्ला प्रहरी कार्यालय र ओरेकको समन्वयमा उहाँलाई सुरक्षित आवासमा ल्याइएको थियो। सुरक्षित आवासमै उहाँले सन्तानलाई जन्म दिनुभयो। तर, दुई वर्ष बितिसक्दा पनि उहाँ सुरक्षित आवासमै बसिरहनुभएको छ। नाता कायम तथा जातीय विभेदसम्बन्धी मुद्दा अदालतमा विचाराधीन छ।

यी घटनाले हिंसापछि महिलाको सबैभन्दा ठूलो चुनौती न्याय मात्र नभई सामाजिक स्वीकार्यता र सम्मानपूर्वक पुनःस्थापना पनि रहेको देखाउँछन्।

**छ महिनामा २४३ महिला हिंसाका घटना**

ओरेक मधेश प्रदेशले सन् २०२६ को जनवरीदेखि जुनसम्मको छ महिनाको अवधिमा मधेशमा महिला हिंसाका २४३ घटना अभिलेखीकरण गरेको छ। तीमध्ये १३ घटना स्थानीय सञ्चारमाध्यमबाट र २३० घटना धनुषा, महोत्तरी, सर्लाही र पर्साका महिला, युवा तथा किशोरी समूहबाट सङ्कलन गरिएको हो।

अभिलेखअनुसार सबैभन्दा बढी घरेलु हिंसाका १३६ घटना अर्थात् ५५.९७ प्रतिशत रहेका छन्। त्यसपछि सामाजिक हिंसाका ३८, बहुविवाहका १४, यौन दुर्व्यवहारका १३ तथा महिला हत्या वा आत्महत्याका ११ घटना छन्।

यसका अतिरिक्त बालविवाह, जबरजस्ती करणी उद्योग, बलात्कार, बोक्सीको आरोप, सामाजिक बहिष्कार र मानव बेचबिखनलगायतका घटना पनि अभिलेखीकरण भएका छन्।

हिंसाका कारण विस्थापित महिला तथा किशोरीमध्ये धेरै सुरक्षित आवासमा आश्रित छन्। पछिल्लो दुई वर्षमा ओरेक धनुषाको सुरक्षित आवासमा १० जना हिंसा प्रभावित महिला तथा किशोरीले सन्तान जन्माएका छन्। तीमध्ये तीन जनाको मात्र पुनःस्थापना भएको छ।

यस अवधिमा ५७ जना हिंसा प्रभावित महिलाले प्रत्यक्ष कानुनी सेवा प्राप्त गरेको ओरेकले जनाएको छ।

**हजारौँ घटना, पुनःस्थापना भने कमजोर**

ओरेक मधेश प्रदेशका अनुसार सामाजिक बहिष्कार, आर्थिक निर्भरता, परिवार तथा समुदायको अस्वीकार्यता र दीर्घकालीन पुनःस्थापना कार्यक्रमको अभावका कारण धेरै महिला तथा उनीहरूका बालबालिका वर्षौंसम्म सुरक्षित आवासमै आश्रित भएर बस्न बाध्य छन्।

यस्तै, मधेश प्रदेश प्रहरी कार्यालयको तथ्याङ्कअनुसार २०८३ असारसम्मको एक वर्षमा मधेशका आठवटै जिल्लामा घरेलु हिंसाका पाँच हजार २२४ घटना दर्ता भएका छन्। महिला तथा बालबालिकासम्बन्धी ठाडो उजुरीको संख्या सात हजार ४७५ पुगेको छ।

**न्यायसँगै सामाजिक पुनःस्थापना आवश्यक**

ओरेक मधेश प्रदेशकी प्रदेश संयोजक विणाकुमारी सिंहले महिलामाथिको हिंसालाई व्यक्तिगत वा कानुनी मुद्दाका रूपमा मात्र नभई मानवअधिकार, सामाजिक न्याय र राज्यको उत्तरदायित्वसँग जोडिएको सार्वजनिक सरोकारको विषयका रूपमा सम्बोधन गर्नुपर्ने बताउनुभयो।

उहाँका अनुसार जातीय विभेद, दाइजो प्रथा, बालविवाह र पितृसत्तात्मक सोचजस्ता हिंसाका मूल कारण रहेका विभेदकारी अभ्यासको अन्त्यसँगै हिंसा प्रभावित महिलाको सुरक्षा, न्यायमा पहुँच, दीर्घकालीन पुनःस्थापना, आर्थिक सशक्तीकरण र सामाजिक पुनःएकीकरण सुनिश्चित गर्न आवश्यक छ।

"जातीय विभेद, दाइजो प्रथा, बालविवाह, पितृसत्तात्मक सोचलगायत हिंसाका मूल कारण रहेका विभेदकारी अभ्यासको अन्त्य गर्दै हिंसा प्रभावित महिलाको सुरक्षा, न्यायमा पहुँच, दीर्घकालीन पुनःस्थापना, आर्थिक सशक्तीकरण र सामाजिक पुनःएकीकरण सुनिश्चित गर्न संघीय, प्रदेश तथा स्थानीय सरकारले प्रभावकारी नीति, पर्याप्त स्रोत र जवाफदेही कार्यान्वयनलाई उच्च प्राथमिकता दिनुपर्छ," सिंहले भन्नुभयो।


उहाँले यसका लागि तीनै तहका सरकार, सुरक्षा निकाय, न्यायिक निकाय, नागरिक समाज र अन्य सरोकारवाला संस्थाबीच प्रभावकारी समन्वय तथा जवाफदेही सहकार्य आवश्यक रहेको बताउनुभयो।

मधेशका यी प्रतिनिधिमूलक घटनाले एउटा गम्भीर प्रश्न खडा गर्छन्– कानुनले न्याय दिएपछि समाजले पीडितलाई कहिले स्वीकार गर्ने?

हिंसापछि महिलालाई सुरक्षित आवासमा राख्नु तत्कालीन समाधान हुन सक्छ। तर, सम्मानपूर्वक बाँच्न सक्ने वातावरण, आर्थिक आत्मनिर्भरता, शिक्षा, नागरिक अधिकार र सामाजिक पुनःएकीकरण सुनिश्चित नगरेसम्म हिंसाको पीडा अन्त्य हुँदैन। त्यसैले महिला हिंसाविरुद्धको लडाइँ अदालत र प्रहरीसम्म मात्र सीमित नराखी परिवार, समुदाय र राज्यको सोच तथा व्यवहार परिवर्तनसम्म पुर्‍याउनुपर्ने देखिन्छ।

## आज सद्भाव र्‍यालीपछि गोलबजारमा ..........

बन्द रहेकाले आर्थिक गतिविधिसँगै सर्वसाधारणको दैनिक कामकाजसमेत प्रभावित भएको थियो। सद्भाव र्‍यालीपछि पसल तथा बजार सञ्चालनमा आउने भएपछि गोलबजारको जनजीवन क्रमशः सामान्य अवस्थामा फर्किने अपेक्षा गरिएको छ।



माँ भगवत्ति बेकरी एण्ड स्वीट्स
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्ध, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ।

# आजको राशिफल

**मेष :** आँटेका कामहरू उत्साहका साथ सम्पन्न हुनेछन्। दाजुभाइ तथा इष्टमित्रबाट राम्रो सहयोग मिल्नेछ।

**बृष :** वाणीमा मधुरता रहनेछ भने आर्थिक पक्ष सबल बन्दै जानेछ। रोकिएका धन उठ्ने सम्भावना छ।

**मिथुन :** चन्द्रमा आफ्नै राशिमा रहेकाले मनमा प्रसन्नता र उत्साह छाउनेछ। नयाँ वस्त्र तथा आभूषण प्राप्तिको योग छ।

**कर्कट :** आज अलि खर्च बढ्न सक्ने भएकाले बजेट नियन्त्रणमा ध्यान दिनुहोला। अनावश्यक यात्रा वा दौडधुप हुन सक्छ।

**सिंह :** आम्दानीका नयाँ स्रोतहरू फेला पर्नेछन्। सोचेभन्दा बढी आर्थिक लाभ हुनेछ। रोकिएको धन फिर्ता आउनेछ।

**कन्या :** कर्मक्षेत्रमा सफलता मिल्नेछ। पदोन्नति वा नयाँ जिम्मेवारी प्राप्तिको योग छ।

**तुला :** भाग्यले साथ दिनेछ। रोकिएका कामहरू सहजै बन्नेछन्। अध्ययन अध्यापन तथा बौद्धिक काममा प्रगति हुनेछ।


**वृश्चिक :** आज अलि सतर्क रहनुहोला। स्वास्थ्यमा सामान्य समस्या देखिन सक्छ। यात्रा गर्दा वा सवारी चलाउँदा ध्यान दिनुहोला।

**धनु :** व्यापार तथा व्यवसायमा राम्रो नाफा हुनेछ। साझेदारहरूसँगको सम्बन्ध सुमधुर रहनेछ।

**मकर :** प्रतिस्पर्धा वा परीक्षामा सफलता मिल्नेछ। शत्रु तथा विरोधीहरू परास्त हुनेछन्। स्वास्थ्यमा सुधार आउनेछ।

**कुम्भ :** बौद्धिक क्षमताको विकास हुनेछ। अध्ययन अध्यापनमा मन जानेछ।

**मीन :** पारिवारिक विषयलाई लिएर केही चिन्ता वा बहस हुन सक्छ। आमाको स्वास्थ्यको ख्याल गर्नुहोला।



**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस्।**

**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

# सुनसरी घटनाको असरः सिरहा र धनुषामा ठूलो जनधनको क्षति

## ३८ प्रहरीसहित ४१ घाइते, ५३ घर तथा पसलमा तोडफोड र आगजानी

**अपन दैनिक संवाददाता**
**सिरहा, साउन २५ गते**

सुनसरीको कप्तानगञ्जमा भएको धार्मिक विवादपछि मधेशमा उत्पन्न तनाव साम्य भएको छ। साउन १६ र १७ गते संयुक्त हिन्दु मोर्चासँग गृहमन्त्री सुधन गुरुङले गरेको वार्तापछि विवाद मत्थर हुँदै मधेशमा शान्ति कायम भएको छ।

यद्यपि, कसरी गोली चल्यो र त्यस क्रममा चार जना नागरिकको मृत्यु भयो भन्ने प्रश्न भने यथावत् छ। घाइतेहरूको उपचार जारी छ।



त्यसक्रममा आगजनी तथा तोडफोडबाट भएको क्षतिका विषयमा पनि आमचासो छ। आगजनी तथा तोडफोडबाट ध्वस्त भएका पसल तथा त्यसबाट भएको क्षतिको क्षतिपूर्तिका विषयमा पनि सवालहरू उठिरहेका छन्।

घटनाबाट के कति क्षति भयो भन्ने यकिन तथ्यांक सार्वजनिक भइनसकेकाले त्यसबारे पनि आमचासो कायमै छ।

साउन १४ गतेदेखि चर्किएको प्रदर्शनका क्रममा मधेश प्रदेशका सिरहा र धनुषामा ठूलो जनधनको क्षति भएको छ। सबैभन्दा बढी क्षति सिरहाको गोलबजारमा भएको छ।

यस्तै, लहान तथा धनुषाको जनकपुरधाम र सबैलामा धार्मिक विवादका क्रममा ठूलो मात्रामा जनधनको क्षति भएको प्रदेश प्रहरी कार्यालयको तथ्यांकमा उल्लेख छ।

सिरहाको गोलबजारमा गत साउन १४ गते गोली लागेर १६ वर्षीय गणेश यादवको मृत्यु भएको थियो। सिरहाको औरही गाउँपालिका-२ का यादव गोलबजारस्थित श्री रामप्रताप रामप्रसाद तामाङ जनता बहुमुखी क्याम्पसमा अध्ययनरत थिए। क्याम्पसकै गेटअगाडि घाँटीमा गोली लागेर उनको मृत्यु भएको थियो।

सोही स्थानमा भएको झडपका क्रममा सिरहाको मिथिला बिहारी नगरपालिका-का १९ वर्षीय सुवास ठाकुर घाइते भएका थिए। उनको उपचार जारी छ।

यस्तै, धनुषामा ढुंगा लागेर जनकपुरधाम उपमहानगरपालिका-७, बसपार्कका आनन्द दासको अवस्था गम्भीर बनेको थियो। उनको काठमाडौंस्थित ट्रमा सेन्टरमा उपचार भइरहेको मधेश प्रदेश प्रहरी कार्यालय, जनकपुरले जनाएको छ।

### ३८ सुरक्षाकर्मी घाइते, १४२ सेल अश्रुग्यास प्रहार, १५ राउण्ड हवाई फायर

झडपको क्रममा प्रदर्शनकारीको ढुंगामुढा लागेर ३८ जना सुरक्षाकर्मी घाइते भएका थिए। सिरहामा आन्दोलनकारीको ढुंगामुढा लागेर दुईजना डिएसपीसहित १५ जना प्रहरी घाइते भएका थिए।

प्रदेश प्रहरी कार्यालयले उपलब्ध गराएको तथ्यांक अनुसार जिल्ला प्रहरी कार्यालय सिरहाका प्रहरी नायब उपरीक्षक (डिएसपी) रमेश बहादुर पाल र इलाका प्रहरी कार्यालय लहानका प्रमुख डिएसपी बिष्णु प्रदीप बस्यालसहित घाइते भएका थिए। धनुषामा २३ जना प्रहरी घाइते भएका थिए। उनीहरूको अवस्था उपचार पश्चात समान्य रहेको जनाएको छ।

धनुषामा मात्र प्रदर्शन नियन्त्रणमा लिन प्रहरीले करिब तीन दर्जन अश्रुग्यास प्रहार गरेको थियो। धनुषाका प्रहरी प्रवक्ता मधुसुधन न्यौपानेका अनुसार ३० देखि ३५ सेल अश्रुग्यास प्रहार गर्नु परेको थियो।

यसरी धनुषासहित मधेश प्रदेशका अन्य जिल्लामा पनि झडप तथा तनाव नियन्त्रण गर्न प्रहरीले १४२ सेल अश्रुग्यास प्रहरीले प्रयोग गरेको थियो।

यस्तै १५ राउण्ड गोली पनि प्रहरीले हवाई फायर गरेको थियो। जसमा एसएलबाट १० बल्यांक राउण्ड र सानो पेस्तोलबाट ५ राउण्ड हबाई फायर प्रहरीले गरेको छ।

### प्रदेशभरिमा ५३ घर तथा पसलमा क्षति

सिरहाको गोलबजारमा ठूलो मात्रामा व्यक्तिको निजी सम्पतिमा आगजानी तथा तोडफोडले क्षति पुगेको छ।

साबिर खानको नेहाल आइरन स्टोर्समा आगजानीले जलेर मात्र करिब २५ करोड रुपैयाँ बराबरको क्षति भएको छ।

यस्तै एबी मल आगजानीले जलेर पूर्ण रुपमा नष्ट हुँदा करिब २२ करोड बराबरको क्षति भएको पीडितको भनाइ छ।

यस्तै गोलबजार नगरपालिका-८ पुरानो चौक चोहर्वास्थित असलम खानकाको न्यू असलम वस्त्रालय तथा आलिया इन्टरप्राइजेजमा आगजानीले ५ करोड, गोलबजार नगरपालिका-६ मा रहेको नौसाद मोटर पार्ट्स एन्ड वर्कशपमा पनि आगजानी र तोडफोड, गोलबजार नगरपालिका-११ का वडा अध्यक्ष सोहेव अनवरको घर गोलबजार -४ मा रहेको घरमा आगजनी र तोडफोड हुँदा करिब ६० लाख, गोलबजार नगरपालिका-४ मा रहेको रोयल प्रिन्स होटल एन्ड पार्टी प्यालेसमा तोडफोड हुँदा करिब ३ लाख रुपैयाँ बराबरको क्षति भएको पीडितहरुको भनाइ छ।

गोलबजारमा मात्र १३ वटा घरमाथि ढुंगामुढाले तोडफोड भएको प्रहरीले जनाएको छ। यस्तै आधादर्जन जति पसलमा आगजनी गरिएको छ।

यसरी सिरहाको गोलबजार र लहानमा मात्रै ४६ वटा घर तथा पसलमा तोडफोड तथा आगजानी भएको छ। जसमा करोडौंको धनमाल जलेर तथा टुटफुट भएर नष्ट भएको छ।

धनुषामा धनुषामा पाँचवटा पसलमा तोडफोड भएको छ भने सर्लाही र सप्तरीको एकएकवटा मस्जिद तथा मदर्सामा क्षति पुगेको प्रहरीले जनाएको छ।

बाँकी पृष्ठ ४ ▸▸

# ढल्केबरको ट्रमा सेन्टर निर्माण नरोकिने, लहानमा तत्काल ट्रमा युनिट सञ्चालन गरिने

**अपन दैनिक संवाददाता**
**काठमाडौं, साउन २५ गते**



धनुषाको ढल्केबरमा प्रस्तावित ट्रमा सेन्टर निर्माणको माग गर्दै आन्दोलन भइरहेका बेला स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्री निशा मेहताले ढल्केबरको ट्रमा सेन्टर निर्माण प्रक्रिया नरोकिने स्पष्ट पारेकी छन्। उनले नयाँ संरचना निर्माण सम्पन्न हुन समय लाग्ने भएकाले तत्कालका लागि लहानस्थित प्रादेशिक अस्पतालमा ट्रमा युनिट सञ्चालन गर्न लागिएको बताएकी हुन्।

सोमबार प्रतिनिधि सभामा जवाफ दिँदै मन्त्री मेहताले ढल्केबरमा क्रिटिकल केयर तथा ट्रमा सेन्टर निर्माणको प्रक्रिया अघि बढिसकेको बताइन्। मन्त्री मेहताका अनुसार दुर्घटनामा गम्भीर घाइते भएका नागरिकलाई उपचारका लागि काठमाडौं ल्याउनुपर्ने बाध्यता अन्त्य गर्न सरकारले तत्काल सेवा र दीर्घकालीन पूर्वाधार निर्माणलाई सँगसँगै अघि बढाएको छ।

लहानस्थित प्रादेशिक अस्पतालमा सीटी स्क्यान, आवश्यक चिकित्सकीय जनशक्ति, बिरामीको पर्याप्त चाप तथा ब्लड बैंकलगायत ट्रमा सेवा सञ्चालनका लागि आवश्यक आधारभूत पूर्वाधार रहेकाले त्यहाँ तत्काल ट्रमा युनिट सञ्चालन गर्ने निर्णय गरिएको मन्त्री मेहताले बताइन्। 'लहानमा ट्रमा युनिट सञ्चालन गर्नु ढल्केबरको विकल्प होइन,' मन्त्री मेहताले स्पष्ट पारिन्, 'नयाँ संरचना निर्माण सम्पन्न नहुँदासम्म नागरिकलाई तत्काल उपचार उपलब्ध गराउने अन्तरिम र व्यावहारिक व्यवस्था हो।'

मन्त्री मेहताले एक ठाउँमा दीर्घकालीन स्वास्थ्य संरचना निर्माण भइरहँदा अर्को ठाउँमा तत्काल सेवा विस्तार गर्नु विरोधाभास नभएको बताएकी हुन्। सरकारको नीति नै आवश्यकताअनुसार देशका विभिन्न स्थानमा ट्रमा सेन्टर तथा ट्रमा युनिट विस्तार गर्ने रहेको उनको भनाइ छ। 'हाम्रो उद्देश्य एउटै हो- दुर्घटनामा परेका नागरिकले समयमै उपचार पाउन् र उपचारका लागि काठमाडौं धाउनुपर्ने बाध्यता अन्त्य होस्,' मन्त्री मेहताले भने।

मन्त्री मेहताले ढल्केबरमा निर्माण भइरहेको संरचनालाई अगाडि बढाउन तथा उपलब्ध पूर्वाधारबाट तत्काल नागरिकलाई सेवा दिने वातावरण बनाउन जनप्रतिनिधि र सम्बन्धित सबै पक्षलाई सहयोग गर्न समेत आग्रह गरेकी छन्।

लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौं।




### पीडितको गुनासो : दृष्टिबन्धक राखिएको बहुमूल्य ...............

दृष्टिबन्धक राखिएको छ।

अमातले उक्त जग्गा धितोका रूपमा मात्र राखिएको र ऋण तिर्ने सहमति रहेको अवस्थामा आफूलाई कुनै जानकारी नदिई सो जग्गा अर्कै व्यक्ति रामबाबु साहको नाममा बिक्री गरिएको थाहा पाएपछि छाँगाबाट खसेजस्तै भएको दुःखेसो पोखे। त्यसबेला गोपालका बुवा ब्रहमदेव साहको नाममा एक बिघा १४ धुरभन्दा बढी र १० कट्ठा तीन धुर जग्गा गोपालका काका किशोरी साहको नाममा दृष्टिबन्धक (धितो) राखिएको थियो।

"घरायसी समस्याका कारण ऋण लिन जग्गा गोपालकै सल्लाहअनुसार उहाँको बुवा र काकाको नाममा दृष्टिबन्धक राखेको थिएँ", अमातले भने, "तर हामीलाई थाहै नदिई गोपाल र उहाँको परिवारका सदस्य मिलेर त्यही जग्गा अर्कै व्यक्तिलाई बिक्री गरेको थाहा पाएपछि ठगीमा परेको महसुस भयो।"

उहाँका अनुसार ऋणको साँवाब्याज तिर्ने र जग्गा फिर्ता गरिदिन पटकपटक आग्रह गर्दा पनि गोपालले कहिले छोरा घरमा नरहेको, कहिले श्रीमतीबाहिर गएको भन्दै विभिन्न बहाना बनाउँदै आएका छन्। गाउँका भद्रभलाद्मीको रोहवरमा छलफल हुँदासमेत गल्ती स्वीकार गरी जग्गा फिर्ता गर्ने आश्वासन दिए पनि कार्यान्वयन नगरेपछि बाध्य भएर प्रहरीमा उजुरी दर्ता गरिएको उनले बताए।

"गोपाल साहसँग रु एक करोड ऋण लिन जनकपुरधामको मुरली चौकमा रहेको आफ्नो पाँच कट्ठा जग्गा हामीले ऋणका लागि मात्र धितोमा राखेका थियौं", पत्रकार सम्मेलनमा जनकपुरधाम उपमहानगरपालिकाका निलम ठाकुरले भने, "बिक्री गर्ने सहमति कहिल्यै दिएका थिएनौं, तर हामीलाई थाहै नदिई अर्कैको नाममा पास भएको थाहा पाएपछि हामी ठूलो अन्यायमा परेका छौं।"

आर्थिक रूपमा कमजोर अवस्थाको फाइदा उठाएर साहु पक्षले जग्गा हडप्ने नियतले कागजी प्रक्रिया अघि बढाएको पीडितहरूले दाबी गर्दै जग्गा कारोबारमा किर्ते, ठगी र विश्वासघात भएको आशंका भएकाले सत्यतथ्य छानबिन गरी दोषीमाथि कारबाही गर्न माग गरेका छन्। घटनाका कारण परिवार विस्थापनको जोखिममा परेको तथा मानसिक र आर्थिक रूपमा गम्भीर असर परेको पीडितहरूको भनाइ छ।

पत्रकार सम्मेलनमा उपस्थित अन्य पीडित तथा स्थानीयले पनि यस्ता घटनाले सर्वसाधारणमा त्रास फैलिएको उल्लेख गर्दै धितोमा राखिएको सम्पत्तिको कानुनी सुरक्षालाई प्रभावकारी बनाउन राज्यले विशेष ध्यान दिनुपर्ने बताएका छन्। पीडितहरूको जाहेरीका आधारमा जिल्ला प्रहरी कार्यालय धनुषाले गोपाल साह, निजकी पत्नी र छोरालाई पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी उपरीक्षक रूपक खड्काका अनुसार पक्राउ परेका तीनै जनामाथि अनुचित लेनदेन (मिटरब्याज) तथा ठगीसम्बन्धी कसुरमा थप अनुसन्धान भइरहेको छ।

### लक्ष्यभन्दा तीन करोड बढी राजस्व ...............

तीन करोड ७२ लाख २१ हजार ६२६ ले बढी हो। आव २०८१/८२ मा १६ करोड २० लाख राजस्व सङ्कलन गर्ने लक्ष्य रहेकामा १६ करोड ६४ लाख ७८ हजार ९३३ राजस्व सङ्कलन भएको थियो।

आव २०८२/८३ मा बेरुजु शीर्षकमा पाँच लाख सङ्कलन गर्ने लक्ष्य रहेकामा २१ लाख २६ हजार ४५३ सङ्कलन भएको छ। त्यस्तै, सम्पत्ति करबाट पाँच करोड ६१ लाख पाँच हजार ३३१, बहाल करबाट पाँच करोड ७५ लाख ३९ हजार ६४४, सिफारिस दस्तुरबाट एक करोड ३४ लाख ९५ हजार ८९६ र नक्सापास दस्तुरबाट तीन करोड ३७ लाख ८१ हजार राजस्व सङ्कलन भएको छ।

यसैगरी, बहाल बिटौरी करबाट ९२ लाख ३२ हजार २००, व्यवसाय करबाट ५१ लाख ५० हजार ३४७ र अन्य सेवा शुल्क तथा बिक्रीबाट २९ लाख ६८ हजार ४७५ राजस्व सङ्कलन भएको छ। अन्य प्रशासनिक सेवा शुल्कबाट ६८ लाख ३४ हजार ९३४, परीक्षा शुल्कबाट १७ लाख ८६ हजार ७००, व्यक्तिगत घटना दर्ता दस्तुरबाट पाँच लाख ९७ हजार ७२०, प्रशासनिक दण्ड जरिवानाबाट ११ लाख पाँच हजार ५६३ तथा सरकारी सम्पत्ति बिक्रीबाट १५ लाख राजस्व सङ्कलन भएको जनकपुरधाम उपमहानगरपालिकाका राजस्व शाखा प्रमुख परमेश्वर झाले जानकारी दिए।

अपन दैनिक
Apan Dainik National Newspaper

# मधेशका चार जिल्लामा हुलाकी सडकको ८५ प्रतिशत काम सम्पन्न

## २४ पुल निर्माण पूरा, ३७ पुलको काम बाँकी

**अपन दैनिक संवाददाता**
**सिरहा, साउन २५ गते**



मधेश प्रदेशका सिरहा, धनुषा, महोत्तरी र सर्लाहीमा निर्माण तथा स्तरोन्नति भइरहेको हुलाकी सडक आयोजनाले ८५ प्रतिशतभन्दा बढी भौतिक प्रगति हासिल गरेको छ। गत आर्थिक वर्षसम्ममा चार जिल्लामा कुल ४०६.४३ किलोमिटर सडक कालोपत्र गर्ने लक्ष्य रहेकामा ३४७.६३ किलोमिटर अर्थात् ८५.५३ प्रतिशत सडक कालोपत्र भइसकेको हो।

हुलाकी राजमार्ग निर्देशनालय, योजना कार्यालय जनकपुरधामका अनुसार अब ५८.८० किलोमिटर सडक कालोपत्र गर्न बाँकी छ। सडक निर्माणसँगै आयोजनाअन्तर्गत पुल निर्माणको कामसमेत अघि बढिरहेको कार्यालयले जनाएको छ।

जिल्लागत रूपमा सर्लाहीमा हुलाकी सडक निर्माणको प्रगति सबैभन्दा बढी देखिएको छ । सर्लाहीमा १६५.९७ किलोमिटर सडक निर्माण तथा स्तरोन्नति गर्ने लक्ष्य रहेकामा १५१.५१ किलोमिटर सडक कालोपत्र भइसकेको छ। यो कुल लक्ष्यको ९१.२९ प्रतिशत हो।

हुलाकी सडक निर्माणका लागि नेपाल सरकारको नियमित बजेटसँगै भारतीय अनुदान सहयोगसमेत परिचालन हुँदै आएको छ। कार्यालयका अनुसार नेपाल सरकारको स्रोतबाट ३०२.५५ किलोमिटर र भारतीय अनुदानबाट १०३.८८ किलोमिटर सडक कालोपत्र गर्ने लक्ष्य राखिएको छ।

हालसम्म बलान-कमला, जनकपुर-जलेश्वर-भिट्ठामोड, त्रिभुवननगर, शीतलपुर-मलङ्गवा-खरैयाटोल, नयाँरोड-बरहथवा-माधोपुर (वैकल्पिक) र जलेश्वर-हर्दी सडकखण्डको निर्माण तथा स्तरोन्नति पूर्ण रूपमा सम्पन्न भइसकेको कार्यालयले जनाएको छ।

हुलाकी राजमार्गअन्तर्गत चार जिल्लामा निर्माण गर्नुपर्ने ६१ वटा पुलमध्ये २४ वटा पुलको निर्माण सम्पन्न भएको छ। बाँकी ३७ पुलमध्ये १९ वटा निर्माणाधीन अवस्थामा छन् भने १८ वटा पुलको ठेक्का तथा व्यवस्थापन प्रक्रिया अझै पूरा हुन बाँकी रहेको कार्यालयले जनाएको छ।

सडक निर्माणको तुलनामा पुल निर्माणमा देखिएको ढिलाइका कारण कतिपय सडकखण्ड पूर्ण रूपमा सञ्चालनमा ल्याउन चुनौती रहेको अधिकारीहरू बताउँछन्।

गत आर्थिक वर्षमा हुलाकी सडक कार्यक्रमका लागि ६१ करोड ६२ लाख रुपैयाँ बजेट विनियोजन गरिएको थियो। त्यसमध्ये ४६ करोड ४७ लाख रुपैयाँ पुँजीगत खर्च भएको कार्यालयले जनाएको छ । यो कुल विनियोजित बजेटको ७५.४१ प्रतिशत हो।

भौतिक प्रगति ८५.५३ प्रतिशत पुगे पनि वित्तीय प्रगति ७५.४१ प्रतिशतमा सीमित रहेको छ। यसरी हेर्दा आयोजनाको भौतिक प्रगति वित्तीय प्रगतिभन्दा करिब १० प्रतिशत बढी देखिएको छ।

चालु आर्थिक वर्षका लागि हुलाकी सडक आयोजनाअन्तर्गत ७४ करोड ९१ लाख रुपैयाँ बजेट विनियोजन गरिएको छ । उक्त बजेटबाट बाँकी सडकखण्डको कालोपत्रे गर्ने, निर्माणाधीन १९ वटा पुलको कामलाई तीव्रता दिने तथा बाँकी १८ वटा पुलको ठेक्का र व्यवस्थापन प्रक्रिया अघि बढाउने लक्ष्य राखिएको छ।

योजना कार्यालय जनकपुरधामका प्रमुख वरिष्ठ डिभिजनल इन्जिनियर (सिडिई) कृष्णकुमार महतोले बाँकी सडक कालोपत्रे तथा पुल निर्माणको काम तोकिएको समयमै गुणस्तरीय रूपमा सम्पन्न गर्नु अहिलेको मुख्य प्राथमिकता रहेको बताए।

उनका अनुसार निर्माणाधीन आयोजना समयमै सम्पन्न गर्न निर्माण व्यवसायीको कार्यक्षमता, ठेक्का व्यवस्थापन तथा आवश्यक समन्वयलाई प्रभावकारी बनाउनुपर्ने चुनौती रहेको छ।

# सरकार र मृतक मेहताका परिवारबीच ७ बुँदे सहमति, सेनाको हेलिकप्टरमार्फत शव सुनसरी लगिने

**अपन दैनिक संवाददाता**
**काठमाडौं, साउन २५ गते**

सुनसरीको देवानगञ्ज गाउँपालिका-३, कप्तानगञ्जमा यही साउन १० गते भएको घटनामा मृत्यु भएका रवीन्द्रकुमार मेहताको परिवार र सरकारबीच सातबुँदे सहमति भएको छ।

मेहताका अभिभावक र नेपाल सरकारका गृहमन्त्री सुधन गुरुङबीच सोमबार भएको सहमतिअनुसार मेहतालाई सहिद घोषणा गर्ने प्रक्रिया तत्काल अघि बढाउने सहमति भएको हो।

सहमतिमा साउन १० गते राति कप्तानगन्जमा भएको घटनाको निष्पक्ष र प्रभावकारी छानबिन गरी दोषीउपर प्रचलित कानुनबमोजिम आवश्यक कारबाही तत्काल अघि बढाउने उल्लेख छ।

यस्तै देवानगञ्ज-३ स्थित मदरसाको कानुनी हैसियत तथा सम्बन्धित विषयमा आवश्यक छानबिन तत्काल प्रारम्भ गर्ने सहमति भएको छ।

सहमति पत्रमा सरकारले मृतकका परिवारका एक जना योग्य सदस्यलाई रोजगारी उपलब्ध गराउन आवश्यक पहल गर्ने भएको छ।

घटनाको अध्ययनका लागि गठित छानबिन समितिले पेस गर्ने प्रतिवेदनका सुझाव तथा सिफारिस प्रचलित कानुनबमोजिम कार्यान्वयन गर्न आवश्यक प्रक्रिया अघि बढाउने पनि सहमतिमा उल्लेख छ।

त्यसै गरी सरकारले मृतकको शव नेपाली सेनाको हेलिकप्टरमार्फत देवानगञ्ज गाउँपालिका-३ सुनसरी लैजाने व्यवस्था गरी मृतकको दाहसंस्कार गर्ने सहमति गरेको गृह मन्त्रालयले जनाएको छ।

घटनामा मृत्यु भएका तीन जनाको सम्झनामा गाउँपालिकाको उपयुक्त क्षेत्रमा स्थानीय सरकारसँगको समन्वयमा यसै वर्ष बजेट विनियोजन गरी स्मृति पार्क निर्माण गर्ने सहमति पनि भएको छ।

## सुनसरी घटनाको असर: सिरहा र धनुषामा ठूलो ............

**सिरहा र धनुषामा १७ सवारीसाधनमा क्षति**

सिरहा र धनुषामा १७ वटा सवारीसाधनमा तोडफोड भएको मधेश प्रदेश प्रहरीको तथ्यांक छ।

सिरहाको लहानमा चारवटा सवारीसाधानमा तोडफोड भएको छ। यस्तै धनुषामा एउटा बससहित चारवटा सवारीसाधानमा तोडफोड भएको छ।

गोलबजारमा ५ वटा सारीसाधानमा तोडफोड भएको जनाएको छ। त्यसका अलावाबा गोलबजारमा करिब एक दर्जन मोटरसाइकलमै आगजानी भएको छ।

यसरी मधेशमा ५३ वटा घर तथा पसल एवं सार्वजनिक सम्पत्तिमा आगजानी तथा तोडफोडबाट क्षति पुगेको प्रदेश प्रहरी कार्यालयको तथ्यांकमा छ।

**७१ जना पक्राउ**

प्रदर्शनको क्रममा तोडफोड तथा सामाजिक सञ्जालमा घृणा तथा उत्तेजना फैलाउने ७१ जनालाई प्रहरीले पक्राउ गरेको थियो। सबभन्दा बढी धनुषाबाट ४२ जनालाई पक्राउ गरेको थियो। यस्तै क्रमशः सर्लाहीबाट १३ जना, पर्साबाट ७ जना, सिरहाबाट ५ जना र महोत्तरीबाट एकजनालाई पक्राउ गरिएको थियो।




## मधेशमा तीन मन्त्रालय गाभिँदै, १२ मन्त्रालयबाट ९ मा ............

छ। उद्योग वाणिज्य मन्त्रालय तथा श्रम तथा यातायात मन्त्रालयलाई गृह, सञ्चार तथा कानुन मन्त्रालयमा समेट्ने तयारी गरिएको छ।

त्यस्तै, गृह, सञ्चार तथा कानुन मन्त्रालयअन्तर्गत रहेको कानुन महाशाखालाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा गाभ्ने तयारीसमेत भइरहेको स्रोतले जनाएको छ । भौतिक पूर्वाधार, ऊर्जा, खानेपानी तथा सरसफाइ, भूमि व्यवस्था, कृषि तथा सहकारी र अर्थ मन्त्रालयलाई भने यथावत् राख्ने तयारी छ । मन्त्रालयको संख्या घटाउने योजनासँगै सरकारले कर्मचारी दरबन्दी पुनरावलोकनलाई पनि अघि बढाएको छ । गाभिने मन्त्रालयबाहेक पाँच मन्त्रालयमा कम्तीमा १५ प्रतिशत दरबन्दी कटौति गर्ने नीति सरकारले अघि सारेको छ।

संगठन तथा व्यवस्थापन (ओएन्डएम) सर्वेक्षण पुनरावलोकन मार्फत मन्त्रालय तथा मातहतका निकायमा वास्तविक आवश्यकता हेरेर दरबन्दी निर्धारण गर्ने प्रक्रिया चलिरहेको छ।

यसमा अर्थ मन्त्रालयले भने आफ्नो ओएन्डएम सर्वेक्षण पुनरावलोकन सम्पन्न गरिसकेको छ। अर्थमन्त्री युवराज भट्टराईका अनुसार पुनरावलोकनका क्रममा अर्थ मन्त्रालयको करिब ३२ प्रतिशत दरबन्दी कटौती गरिएको छ । पुनरावलोकनसम्बन्धी प्रतिवेदन मन्त्रिपरिषद्मा पेश भई निर्णयसमेत भइसकेको उनले बताए।

'संरचना घटाउनुको उद्देश्य खर्च कटौती मात्र होइन, उपलब्ध जनशक्तिको अधिकतम उपयोग र सेवा प्रवाह सुधार गर्नु हो,' अर्थमन्त्री भट्टराईको भनाइ छ। अर्थ मन्त्रालयबाहेक ऊर्जा, सिँचाइ तथा खानेपानी, वन तथा वातावरण, भूमि व्यवस्था, कृषि तथा सहकारी र भौतिक पूर्वाधार मन्त्रालयले पनि ओएन्डएम सर्वेक्षण पुनरावलोकनका लागि मन्त्रिपरिषद्बाट सैद्धान्तिक सहमति लिएका छन्। ती मन्त्रालयमा पुनरावलोकनको काम भने जारी छ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सूचना अधिकारी रोहित कोइरालाका अनुसार अन्य मन्त्रालयमा आवश्यक अध्ययन तथा प्रक्रियागत काम भइरहेको छ । मन्त्रालयको संगठन संरचना र दरबन्दीलाई कार्यबोझ तथा आवश्यकताका आधारमा पुनर्मूल्यांकन गर्ने काम भइरहेको उनले बताए। सरकारले मन्त्रालयबाहेक प्रदेश मातहतका सार्वजनिक निकाय, समिति, बोर्ड, प्रतिष्ठान तथा अन्य संस्थागत संरचनामाथि समेत अध्ययन थालेको छ।

भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री श्यामप्रसाद पटेलको संयोजकत्वमा विभिन्न मन्त्रालयका सचिव सम्मिलित कार्यदल गठन गरी त्यस्ता निकायको औचित्य र प्रभावकारिता अध्ययन भइरहेको छ। कार्यदलले सार्वजनिक निकायको आवश्यकता, कार्यक्षेत्र, उपलब्धि र आर्थिक भारको अध्ययन गरिरहेको छ । समान प्रकृतिका काम गर्ने निकायबीचको दोहोरोपन पहिचान गरी आवश्यक संस्थालाई सुदृढ गर्ने तथा औचित्य पुष्टि हुन नसकेका वा समान काम गर्ने संस्थालाई एकीकरण, पुनर्संरचना वा खारेजी गर्ने आधार तयार पार्ने सरकारको योजना छ।

यसरी हेर्दा मधेश प्रदेश सरकारको पछिल्लो पहल मन्त्रालयको संख्या घटाउने प्रशासनिक निर्णयमा मात्र सीमित छैन। सरकार प्रदेश सरकारको आकार, कर्मचारी दरबन्दी र सार्वजनिक संस्थाको औचित्यसमेत पुन:परिभाषित गर्ने दिशामा अघि बढेको देखिन्छ।

## प्रस्तावित ठाउँमै ट्रमा सेन्टर बन्नुपर्ने माग गर्दै ढल्केबरमा ...........

**लहानमा बनाउने स्वास्थ्य मन्त्रीको भनाइपछि विरोध**

बुधबार प्रतिनिधिसभाको बैठकमा स्वास्थ्य मन्त्री निशा मेहताले ट्रमा सेन्टर लहानमा निर्माण हुने जानकारी दिएपछि ढल्केबरमा विरोध सुरु भएको हो।

ढल्केबरमा प्रस्तावित ट्रमा सेन्टरका लागि जग्गा व्यवस्थापनको प्रक्रिया पूरा भइसकेको अवस्थामा आयोजना अन्यत्र सार्ने निर्णय स्वीकार्य नहुने संघर्ष समितिको भनाइ छ।

संघर्ष समितिका संयोजक तथा मिथिला नगरपालिकाका मेयर महेन्द्र महतोले प्रस्तावित स्थानमै ट्रमा सेन्टर निर्माण हुनुपर्ने माग गर्दै आन्दोलन जारी रहने बताउनुभयो।

उहाँका अनुसार मंगलबार बिहान ११ बजेदेखि १२ बजेसम्म तथा साउन २७ गते बिहान ११ बजेदेखि दिउँसो १ बजेसम्म पूर्व-पश्चिम राजमार्ग चक्काजाम गर्ने कार्यक्रम तय गरिएको छ।

**चार बिघा जग्गामा योजना अघि बढाइएको थियो**

मिथिला नगरपालिका-७, साविक ढल्केबर गाविस वडा नं. २ 'क' को कित्ता नं. १६९ मा रहेको करिब चार बिघा ऐलानी जग्गालाई आधार बनाएर संघीय सरकारले आर्थिक वर्ष २०७८/७९ को बजेटमा पहिलोपटक ट्रमा सेन्टर निर्माणका लागि बजेट विनियोजन गरेको थियो।

मेयर महतोका अनुसार उक्त योजनाका लागि आवश्यक जग्गा प्राप्तिको प्रक्रिया पूरा भइसकेको छ र जग्गाको लालपुर्जासमेत बनिसकेको छ।

ट्रमा सेन्टर निर्माणका लागि आवश्यक प्रक्रिया अघि बढेर शिलान्यासको तयारी भइरहेका बेला आयोजना अन्यत्र सार्ने विषय सार्वजनिक भएपछि स्थानीयवासी आन्दोलित भएका हुन्।

संघर्ष समितिले वर्षौंदेखि अघि बढाइएको योजना ढल्केबरबाट अन्यत्र सार्दा स्थानीय क्षेत्रको स्वास्थ्य सेवा प्रभावित हुने दाबी गर्दै आएको छ। प्रस्तावित स्थानमै ट्रमा सेन्टर निर्माणको सुनिश्चितता नभएसम्म आन्दोलन जारी राख्ने समितिले चेतावनी दिएको छ।

❍ ग्राहक बन्नु परेमा।
❍ नवीकरण गर्नु परेमा।
❍ ठेगाना परिवर्तन भएमा।
❍ पत्रिका नियमित नआएमा।
सिधा सम्पर्क
०३३-५२१२१४
बिहान १० बजे देखि ५ बजेसम्म

